डिजिटल विश्व बजारमा नेपाली गीत बिक्री गर्न सकिने

गोपिकृष्ण चापागाईं
काठमाडौं, १३ मंसिर

विश्वका दुई सय बढी राष्ट्रहरूको तथ्यांक हेर्ने हो भने नेपालीको गीतसंगीतको बजार नेपालीमा मात्र सीमित छ । नेपाली गीतसंगीत राम्रा हुँदाहुँदै विश्व बजारमा जान सकिरहेको छैन । कतिपय कुरामा भाषाको समस्या भए पनि मुख्य कुरा सर्जकलाई विश्व बजारमा नेपाली गीतसंगीतको वितरणको ज्ञान नहुँदा खुम्चिनु परेको छ ।

विदेशका विभिन्न डिटिजल प्ल्याटफर्ममा गीतसंगीत बिक्री गर्न सकिन्छ तर नेपाल निकै पछि छ । पछिल्लो समय नेपाली गीतसंगीतको एकदेखि डेढ दशकअघिसम्मको बजार हेर्ने हो भने निकै परिवर्तन आएको छ । सो समय गीतसंगीतका सिडी, डिविडी बिक्री हुन्थे । हजारौं सिडी बिक्री हुँदै गर्दा सर्जकले राम्रो आम्दानी गर्दथे । अहिले बजारमा परिवर्तन आएको छ । पूर्णरूपमा डिटिजल बजारलाई केन्द्रित गरी गीतसंगीत निर्माण भइरहेका छन् । विशेषगरी पछिल्लो समय भिडियो शेयरिङ साइट युट्युबकै लागि मात्र नेपाली गीतसंगीत निर्माण भइरहेका छन् ।

> **'विश्वका १ सय ५० वटा डिजिटल प्ल्याटफर्ममा नेप्सिनेको प्लेष्टफर्म प्रयोग गरी आफ्ना गीत निःशुल्क राख्न सकिनेछ ।'**

दैनिक दर्जनौं नेपाली गीत युट्युबमा अपलोड हुन्छन् । त्यसमा ८० प्रतिशतले लगानी उठाउन सकेका छैनन् । तर तिनै गीतसंगीतलाई विश्व बजारका अन्य डिटिजल साइटहरूमा अपलोड गरेर आम्दानी गर्न सकिने विषयमा अधिकांश सर्जकलाई ज्ञान छैन । त्यसैले नेपाली सर्जक आर्थिक हिसाबमा कमजोर छन् । विश्व बजारमा गीतसंगीत वितरण गर्न सकिने युट्युबजस्तै गरिरहेका

थुप्रै कम्पनी छन् । 'अमुज, डिस्ट्रोकिड, सिडिबेबी, ट्युनकोर, डिट्टु, रेकर्ड युनियन, स्पिन अप'लगायत कम्पनी विश्वबजारमा गीतसंगीत वितरण गर्ने चर्चित कम्पनी हुन् ।

नेपाली गीतसंगीतलाई विश्व बजारमा पुऱ्याउन 'नेप्सिने कम्पनी'ले सुरुवात गरेको छ । विश्व बजारमा आफ्ना गीतसंगीत बिक्री गर्ने ज्ञान नभएका कलाकारलाई नेप्सिने सहजकर्ता बनेको छ । नेपाली गीत संगीतलाई विश्व बजारको पहुँचमा लैजान नेप्सिने रिभोलुसन नामक नयाँ प्रविधि विकास गरेको छ । यसको माध्यमबाट विश्वमा रहेका नेपालीले मात्र होइन अरू देशका नागरिकले नेपाली गीत खोजेर सुन्न सक्नेछन् ।

विश्वका १ सय ५० वटा डिजिटल प्ल्याटफर्ममा नेप्सिनेको प्लेष्टफर्म प्रयोग गरी आफ्ना गीतहरू निःशुल्क राख्न सकिनेछ । यसबाट सर्जकलाई रोयल्टीमार्फत नाफा त हुन्छ नै विश्वबजारमा कस्ता प्रकारका गीतसंगीत पपुलर हुन्छन् भन्ने अनुमान गर्न सकिनेछ ।

नेप्सिने रेभुलुशनप्लेष्टफर्म प्रयोग गरेर अमेजन, एप्पल म्युजिक, स्पोटिफाइ, डिजर, पन्डोरा जस्ता १५० भन्दा बढी म्युजिकस्ट्रिमिङ एप र म्युजिक स्टोरमा निःशुल्क वितरण गर्न सकिनेछ । यस प्ल्याटफर्मको राइट्स म्यानेजमेन्ट फिचर प्रयोग गरेर फेसबुक, टिकटक, इन्सट्राग्राम र पब्जी जस्ता लाइभ गेमस्ट्रिमिङमा प्रयोग हुने आफ्ना सिर्जनाबाट सिधैं रोयल्टी कलेक्सन गर्न सकिनेछ ।

यससँगै नेपाली गीत तथा संगीत अन्तर्राष्ट्रिय प्ल्याटफर्ममा वितरण गर्दा भारतलगायत अरू विदेशी एजेन्ट्सहरूको प्रयोग गर्नुपर्ने बाध्यताको यो टेक्नोलोजीले अन्त्य गरेको छ । बाध्यताको अन्त्यसँगै एजेन्ट्स कमिसनमार्फत बचत हुने २० देखि ३० प्रतिशत रोयल्टी सिधैं सर्जकले नै पाउनेगरी प्ल्याटफर्मको सेटअप गरिएको जानकारी नेप्सिनेले दिएको छ ।

नेप्सिने रेभुलुशनले गीतसंगीत वितरण गर्न आवश्यक पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कोड्सजस्तै युपीसी आइ.यस.डब्लु.सी, आइ.यस.आर.सी जस्ता अन्तर्राष्ट्रिय ट्र्याकिङ कोड्स र युट्युबको कन्टेन्ट आइडी पनि सित्तैमा उपलब्ध गराउनेछ ।

युट्युबको कन्टेन्ट आइडिको माध्यमबाट आफ्नो कम्पोज कहाँ कहाँ कसलेकसरी प्रयोग गरिरहेको छ र थाहा पाउन सजिलो हुन्छ । गीतका सर्जक तथा निर्माताले ती डिजिटल प्ल्याटफर्ममा आफ्ना सिर्जना वितरण गरेपछि सर्जक तथा उत्पादकले नेप्सिने रेभुलुशनको क्लाइन्ट पोर्टलको प्रयोग गरी पूर्ण पारदर्शीरूपमा विभिन्न डिजिटल प्ल्याटफर्ममा वितरण गरिएका गीतको स्ट्रिमिङ, डाउनलोड तथा खरिदको लाइभ रिपोर्ट प्राप्त गर्न सक्नेछन् ।

गीतका सर्जक तथा निर्माताले ती डिजिटल प्ल्याटफर्ममा आफ्ना सिर्जना वितरण गरेपछि सर्जक तथा उत्पादकले नेप्सिने रेभुलुशनको क्लाइन्ट पोर्टलको प्रयोग गरी पूर्ण पारदर्शी रूपमा ती विभिन्न डिजिटल प्ल्याटफर्ममा वितरण गरिएका गीतको स्ट्रिमिङ, डाउनलोड तथा खरिदको लाइभ रिपोर्ट प्राप्त गर्न सक्नेछन् ।

आफ्ना कति गीत छन्, कहाँ-कहाँ छन्, क-कसले भोगचलन गरिरहेका छन् जस्ता रिपोर्ट सर्जकलाई उपलब्ध गराइनेछ । स्रष्टाको सम्मान र सांगीतिक सम्पतिको रक्षा गर्दै निरन्तर रोयल्टीको व्यवस्था गर्न यस्तो एडभान्स संयन्त्र बनाइएको नेप्सिनेका ग्लोबल सिइओ रायन रेजले जानकारी दिनुभएको छ । नेप्सिनेले यो सेवा नेपाल लगायत विश्वका करिब ७० वटा देशमा उपलब्ध गराएको छ ।

नेप्सिने रेभुलुशन देशको सांगीतिक क्षेत्रलाई अन्तर्राष्ट्रिय सिस्टममा लैजान सुरु गरिएको हुनाले यसको प्रयोग गर्न कुनै बध्यताकारी सम्झौता गर्न नपर्ने र सर्भिस मन नपरे कुनै बेला आफ्ना गीतसंगीत नेप्सिने रेभुलुशनका सर्भरबाट हटाउन सकिने प्रावधान कम्पनीको रहेको छ । नेप्सिनले व्यावसायिक दृष्टीकोणबाट भन्दा पनि नेपाली गीतसंगीत तथा कला क्षेत्रमै समर्पित व्यक्तिको सांगीतिक सम्पत्तिको सुरक्षा गर्न यो टेक्नोलोजी लिएर आएको बताएको छ ।

नेप्सिने विगत १० वर्षदेखि नेपाली सिनेमा, संगीत र कलालाई अन्तर्राष्ट्रिय बजारमा प्रर्वद्धन तथा वितरण गर्दै आएको संस्था हो नेप्सिनेका नेपाल प्रमुख चलचित्र तथा म्युजिक भिडियो निर्देशक विधान कार्कीका अनुसार नेप्सिनेमा पछिल्लो समय नेपालका सय कलाकारसँग सहकार्य भइरहेको र अन्य कलाकार जोडिने क्रममा छन् । 'नेपालमा पछिल्लो समयका युवा सर्जकलाई यो विषयमा धेरैलाई ज्ञान छ । हामी सहजकर्तामात्र बनिदिएका छौं । निकै न्यून लागतमा नेप्सिनेले सेवा दिइरहेको छ', विधानले हिमालय टाइम्ससँग भन्नुभयो, 'नेपाली सर्जकलाई बचाउनुपर्छ भन्ने मान्यताले हामीले यो सहजीकरण गरेका हौं । अन्य देशका म्युजिक डिस्ट्रिब्युसन कम्पनीभन्दा नेप्सिने लागतको हिसाबमा धेरै सस्तो छ ।'

बिएन जोशीको श्रमाटन विमोचन

हिमालय टाइम्स
काठमाडौं, १३ मंसिर



लेखक बिएन जोशीद्वारा लिखित पुस्तक 'श्रमाटन' विमोचन गरिएको छ । होटल ग्रिनवीच भिलेज ललितपुरमा एक कार्यक्रमबीच पुस्तक विमोचन गरिएको हो ।

पत्रकार समिक्षक राजकुमार बानियाँ, निबन्धकार कुमारी लामा, लेखक मालिका केशरी, कवि लक्ष्मी रुम्बा, लेखक आन्विका गिरी, प्रकाशक मणि शर्मा, शुभ मल्ल, जगदीश भेटुवाल, भुवन बरालसहित लेखक स्वयंले पुस्तक सार्वजनिक गर्नुभएको हो ।

सामूहिक रुपमा सार्वजनिक गरिएको उक्त पुस्तकमा लेखक जोशीले विदेशिने क्रममा भोगेका पीडा उल्लेख गरिएको छ । आफ्नो पारिवारिक निर्णयविपरीत मलाया लाहुरेका कथाले चिमोटिरहेका जोशीले कलिलै उमेरमा आर्थिक क्रान्तिमा लाग्ने क्रममा पाएका दुःख समेटिएको छ । उहाँको मात्रै पीडा नभई समग्र विदेशिएका युवाहरूको जीवन गाथा हो 'श्रमाटन' ।

कार्यक्रममा समीक्षक बानियाँले ९० को दशकदेखि अहिलेसम्म वैदेशिक रोजगारीमा जाने क्रममा सबै नेपालीले भोगेको साझा पीडाको प्रतिनिधित्व 'श्रमाटन' भएको बताउनुभयो । उहाँले यस्तो प्रतिनिधिमूलक पुस्तकलाई लामो समयसम्म प्रकाशकहरूले होडबाजीमा अलमलमा राखेर अन्तिममा सांग्रिलाले बजारमा ल्याएको भन्दै आभार व्यक्त गर्नुभयो ।

यसैगरी अर्का समीक्षक लामाले रोजगारीको क्रममा पीडा भोगेका भुइँमान्छेको यथार्थलाई श्रमाटनले प्रतिनिधित्व गरको बताउनुभयो । यसैगरी साग्रिंला प्रकाशन प्रालिका मणि शर्माले यसरी वृतान्त सहितको पुस्तक व्यापक नआएको बेलामा जोशीजीको श्रमाटन प्रकाशन गर्न पाउँदा खुसी लागेको प्रतिक्रिया दिनुभयो ।

जोशीले २१४ पृष्ठ पुस्तकलाई दुई खण्डमा विभाजित गर्नुभएको छ । जसमा पुनर्जीवन र सफर रहेको छ । पुनर्जीवनमा उत्मात, निग्रह, ठाँटीको बास, आँपको भात, पुनर्जीवन, उद्धार, अमुक हाँसो, गोल्डेन बैंक गेस्टहाउस, सोमकित र बिस्मातगरी १० शीर्षक रहेका छन् । यसैगरी सफरमा आउट जेल, सुकुटी, उड्दा उड्दै उड्यो डेढ लाख, डिना सुलोभा र गडबडे गोविन्द रहेका छन् । लेखक जोशीको यसअघि निरर्थक २०६१ र मोडर्न बेली २०७३ गरी दुई पुस्तक पाठकमाझ आइसकेका छन् ।

फेरि सुरु परदेशी-२को सुटिङ

पाल्पा/हिटा । चलचित्र 'परदेशी -२'को सुटिङ पुनः सुरु भएको छ । बिहीबारदेखि पाल्पाको माथागढी गाउँपालिकाको विभिन्न स्थानमा चलचित्रको सुटिङ भयो । कोरोना लकडाउनअघि ७० प्रतिशत बढी सुटिङ सकिएको चलचित्रको अहिले स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर बाँकी सुटिङ गरिएको हो ।

बिहीबार माथागढी-४ झडेवा देवगिर पुगेको सुटिङ युनिटलाई स्थानीयवासीले स्वागत गरेका थिए । झडेवा यस चलचित्रका निर्देशक नारायण रायमाझीको गाउँ हो ।

स्थानीयको स्वागतपछि बिहीबार देवगिरमै चलचित्रको सुटिङ गरिएको थियो । अभिनेता दीलिप रायमाझीको दृश्य खिचिएको थियो । बिहीबार र शुक्रबार दुई दिन आफ्नो दृश्य सकेर दीलिप काठमाडौं फर्किसक्नुभएको छ । चलचित्रका अभिनेता प्रकाश सपुत, प्रशान्त तामाङ, अभिनेत्री केकी अधिकारी, कलाकार नीर शाह, रमा थपलिया, देवेन्द्र बब्लुलगायत कलाकार सुटिङका क्रममा पाल्पामा हुनुहुन्छ ।

माथागढीको झडेवा, कसेनी, सराईलगायतका स्थानमा चलचित्रको छायांकन हुने निर्माणपक्षले जनाएको छ । निर्देशक रायमाझीले १७ गतेसम्म पाल्पामा छायांकन गरिने इरानीमहललाई बताउनुभयो । उहाँले चलचित्रको कथाले दर्शकको मनछुने बताउनुभयो ।

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७७।०८।१४)

यस कार्यालयको मिति २०७७।०६।१८ गतेको "नागरीक" राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार तपसिल अनुसारका ठेक्का नम्बरहरुको लागि बोलपत्रदाताले पेश गरेका बोलपत्रहरु न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिन आएको हुदा स्वीकृत हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफ २७(२)को प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ ।

क्र. सं.	ठेक्का नं.	बोलपत्र दाताको नाम, ठेगाना	कबोल अंक (मु.अ.क. बाहेक)	कैफियत
१.	JPM-TS-02 -077/078	पि.के. कन्स्ट्रक्सन, ज.न.पा. ०३, बझाङ्ग	१०,०२,७७७।७४	
२.	JPM-TS-03 -077/078	संजीवनी निर्माण सेवन, केदारस्यू ०९, बझाङ्ग	१०,९४,४३३।५०	
३.	JPM-TS-04 -077/078	जयलक्ष्मी निर्माण सेवन, सूर्मा ०४, बझाङ्ग	१४,०८,५०६।०८	
४.	JPM-TS-05 -077/078	जयलक्ष्मी निर्माण सेवन, सूर्मा ०४, बझाङ्ग	११,१०,२३३।१३	

प्रमुख प्रशासकीय अधिकृत

इरानका शीर्ष परमाणु वैज्ञानिकको हत्या, संयमता अपनाउन संयुक्त राष्ट्रसंघको आग्रह

एजेन्सी
न्युयोर्क, १३ मंसिर

संयुक्त राष्ट्रसंघले मध्यपूर्वमा संयमता अपनाउन आग्रह गरेको छ । इरानका एकजना वैज्ञानिकको हत्या भएपछि संयुक्त राष्ट्रसंघले सो आग्रह गरेको हो । ती वैज्ञानिकको हत्यापछि त्यहाँ हुनसक्ने हिंसाको अनुमान गर्दै सो कुरा बताएको हो ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले सो आग्रह गर्नुभएको हो । महासचिव गुटर्रेसका प्रवक्ता फराह हकले प्रकाशन गरेका विज्ञप्तिमा सो आग्रह गरिएको छ । उपप्रवक्ता हकद्वारा प्रकाशन गरिएको सो विज्ञप्ति भनिएको छ, 'हामीलाई लाग्छ सो क्षेत्रमा अब कुनै पनि किसीमको हत्या हिंसाको अवस्था आउन भएन, त्यसका लागि अहिले नै संयमता अपनाउनु जरुरी छ ।'

शुक्रबार इरानका एकजना वरिष्ठ आणविक वैज्ञानिकको हत्या भएको छ । इरानका वरिष्ठ आणविक वैज्ञानिक मोसेन फाहरिजादेहको हत्या भएको थियो । इरानको रक्षा मन्त्रालयले सो हत्याको विषयमा पुष्टि गरेको छ । सो मन्त्रालयले शुक्रबार आफ्ना वरिष्ठ आणविक वैज्ञानिकको हत्या भएको जानकारी दिएको छ ।

इरानले आफ्ना आणविक वैज्ञानिकको हत्यामा इजरायलको संलग्नता रहेको आरोप लगाएको छ । राजधानी तेहरान नजिकै आफ्नो कारमा सबारी गरिरहँदा वैज्ञानिक फखिजादेहको एम्बुसमा परेर मृत्यु भएको थियो । इरानका राष्ट्रपति हसन रोहानीले उहाँको हत्यापश्चात् इरानको उपलब्धी नरोकिने बताउनुभएको छ । इरानका सर्वोच्च नेता अयोतोल्लाह अली खमोनईका सैन्य सल्लाहकार होसेन डेगनले पीडकमाथि छिट्टै बदला लिइने चेतावनी दिनुभएको छ । विदेशमन्त्री मोहम्मद जावद जरिफले अन्तर्राष्ट्रिय समुदायलाई आतंकपूर्ण गतिविधिको निन्दा गर्न आग्रह गर्नुभएको छ ।

सन् २०१८ को अप्रिल महिनामा इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतान्युहले इरानका आणविक वैज्ञानिक फखिजादेहबारे विशेष चर्चा गर्नुभएको थियो । हत्यामा संलग्नताको आरोपलाई लिएर इजरायलले कुनै प्रतिक्रिया जनाएको छैन् । फखरिजादेह इरानको परमाणु कार्यक्रमका पिता मानिनुहुन्थ्यो । इरानले पछिल्लो समय विकास गरेका सबैजसो परमाणु हतियारमा फखरिजादेहको ठूलो योगदान छ ।

यसअघि गएको जनवरीमा इरानको रिभोल्युसनरी गार्डस कर्प्सका प्रमुख मेजर जनरल कासिम सुलेमानीको बगदाद विमानस्थलमा ड्रोन आक्रमण गरी हत्या गरिएको थियो ।

चिचिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, सङ्खुवासभा
१ नं. प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

प्रकाशित मिति :- २०७७।०८।१४

यस कार्यालयबाट तपशिल बमोजिमको कार्य गर्न मिति २०७७।०६।०४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान गरिए बमोजिम देहाय अनुसार ठेक्कामा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२)को प्रयोजनार्थ तपशिल बमोजिम बोलपत्र स्वीकृत आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. सं.	ठेक्का नं.	कार्य विवरण	स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना	स्वीकृत रकम (भ्याट सहित)	कैफियत
१.	CRM/W/ NCB/B/2/ 077-078	Construction of Ward no. 2 office building of Chichila Rural Municipality	श्री बालाली निर्माण सेवा, खाँदबारी-१, संखुवासभा	रु. ४४,१४,१०५.१९/– (अक्षरेपी चौवालिस लाख चौध हजार एक सय पाँच रुपैंया, उन्नाइस पैसा)	

प्रमुख प्रशासकीय अधिकृत

Infrastructure Development Office, Dhanusha

Invitation for Electronic Bids

(Date of publication : 2077/8/14)

1. Infrastructure Development Office, Dhanusha invites electronic bids from Nepalese eligible bidders for the construction of following road projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Infrastructure Development Office, Dhanusha or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder may download the bidding documents from PPMO's Web Site **www.bolpatra.gov.np./egp**, up to 2077/8/13. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Rastriya Banijya Bank, Janakpur
   Name of Office : Infrastructure Development Office, Dhanusha
   Office Code no. : 3370117022 Office Account no. : 1000200010000
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Pre-bid meeting shall be held at Infrastructure Development Office, Dhanusha at 1 P.M. on 2077/9/3.
5. Electronic bids must be submitted to Infrastructure Development Office, Dhanusha through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12 noon 2077/9/14. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2 P.M. on 2077/9/14 at Infrastructure Development Office, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Details of the contract is as follows :

Contract Identification No.	Name of Project	Estimated amount without VAT, NRs	Bid document cost, NRs	Bid security amount, NRs
IDODHANUSHA/ NCB/Road/01/077-78	North of Tisiyahi Bridge to Suga Madhukarhi - Narahiya- Manipatti Road, Dhanusha	8833115.11	3000	250000
IDODHANUSHA/ NCB/Road/02/077-78	Tharuwahi Rain – Sakari - Maruwahi-Madhwa-Sahasram-Bela Connecting Road, Mahottari	8970928.44	3000	250000